महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ | सङ्ख्या : | मितिः २०७५-०७-१६

## भाग –२

महाभारत गाउँपालिका

## विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०७५

### प्रमाणीकरण मिति :

**प्रस्तावना :**

नेपालको संविधान अनुसूचि ८ को स्थानीय तहको अधिकारको मर्मअनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को खण्ड ज को १० र २१ मा उल्लेखित विद्यालयको गुणस्तर अभिवृद्धिका लागि स्थानीय सरकारबाट विद्यालयहरुका लागि प्रदान गरिने शैक्षिक सुधार

कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थित गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चतता बढाउन स्थानीय तहबाट प्रदान गरिने शैक्षिक अनुदानको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले महाभारत गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद -१**

**सङ्क्षिप्त नाम र प्रारम्भ** :

१.१ यो कार्यविधिको नाम विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधि महाभारत गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा लागु हुने गरी तुरुन्त प्रारम्भ हुने छ ।

# परिच्छेद -२

## परिभाषा

२ **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"ऐन"** भन्नाले सङ्घीय शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले महाभारत गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको महाभारत गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) **"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

(ङ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको महाभारत गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न तोकिएको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(ज) **"प्रारम्भिक बाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दफा  खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

महाभारत गाँउपालिका

(झ) **“व्यवस्थापन समिति”** भन्नाले सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि गठन गरेको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) **“मन्त्रालय”** भन्नाले सङ्घीय शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ट) **“विद्यालय”** भन्नाले सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ठ) **“विद्यालय शिक्षा”** भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ । (स्पष्टीकरणः आधारभूत तह भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्म दिइने शिक्षा र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।)

(ड) **“शिक्षा अधिकृत”** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) **“शिक्षा शाखा”** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

(ण) **“शैक्षिक सत्र”** भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(त) **“सामुदायिक शिक्षक”** भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुदान प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको अनुदानबाट तलब खाने गरी नियुक्त गरिएको शिक्षकलाई समेत सम्झनु पर्छ ।

महाभारत गाउँपालिका

(थ) **“सामुदायिक सिकाइ केन्द्र”** भन्नाले समुदाय स्तरमा सञ्चालन गरीने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सिप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(द) “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(ध) **“सामुदायिक विद्यालय”** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(न) **“स्रोतकेन्द्र”** भन्नाले विद्यालय शिक्षा शैक्षिक गतिविधि सञ्चालनमा विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई प्राविधिक सहयोग पुर्याउने उद्देश्यले गठित गाउँपालिका भित्रका विद्यालयहरुको समूहलाई सम्झनु पर्छ ।

(प) **“स्रोतव्यक्ति”** भन्नाले स्रोतकेन्द्र अन्तर्गतका विद्यालयको शैक्षिक गतिविधि सञ्चालनमा विद्यालय र शिक्षकलाई प्राविधिक सहयोग गर्न तोकिएको विशेषज्ञ व्यक्तिलाई सम्झनु पर्छ ।

(फ) **"ससर्त अनुदान"** भन्नाले विद्यालयहरुलाई दिइने शिक्षक तलब भत्ता, विद्यालय कर्मचारीहरुको तलब भत्ता, बालविकासका सहजकर्ताहरुको तलब भत्ता, निःशुल्क पाठ्पुस्तक विद्यालय व्यवटस्थापन खर्च, विद्यालय सुधार योजना सामाजिक परिक्षण बुक कर्नर तथा छात्रबत्तिलाई सम्झनुपर्छ । साथै विद्यालयहरुको पूर्वाधार विकासका लागि तोकी समय समयमा प्राप्त हुने अनुदान

समेतलाई जनाउने छ । ससर्त अनुदान केन्द्र तथा प्रदेश सरकारले समय समयमा उपलब्ध गराउने अनुदानलाई जनाउने छ ।

(बं) **"एकमुष्ठ अनुदान"** भन्नाले विद्यार्थी सङ्ख्या र विषयगत रुपमा हालसम्म कुनै पनि शिक्षक स्वीकृत दरवन्दी राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाई प्राप्त हुने सुत्रमा आधारित अनुदानलाई सम्झनुपर्छ । साथै यसले विद्यालयको समग्र पक्षको विकासका लागि महाभारत गाउँपालिकाले विद्यालयहरुलाई शैक्षिक गुणस्तर सुधारका लगि प्रचलित कानुनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले अध्यावधिक विद्यालय सुधार योजनाको आधारमा आफैं प्राथामिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यालयलाई प्राप्त हुने अनुदानसमेतलाई जनाउने छ ।

(भ) "**कार्यसम्पादन अनुदान**" भन्नाले विद्यालयले हासिल गरेको उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिवृद्धि गर्न शैक्षिक गुणस्तर सुधार अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई जनाउने छ ।

(म) "**विज्ञान विषय सञ्चालन र विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने विद्यालयलाई अनुदान**" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त दिइने थप अनुदान सम्झनुपर्छ । साथै यसले

माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्न गाउँपालिकाबाट प्राप्त हुने अनुदानसमेतलाई जनाउने छ ।

(य) "**प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई अनुदन**" भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यवसायिक विषयको अध्यापन गराउने सामुदायिक माध्यमिक विद्यालयलाई दिइने थप अनुदानलाई जनाउने छ ।

(र) "**उच्च शिक्षा सञ्चालन गर्ने विद्यालयलाई अनुदान**" भन्नाले यस गाउँपालिका भित्र उच्च शिक्षा सञ्चालन गराउने सामुदायिक माध्यमिक विद्यालयलाई दिइने अनुदानलाई सम्झनुपर्छ । साथै क्याम्पस पूर्वाधार विकासका लागि शीर्षक तोकी प्राप्त हुने अनुदन समेतलाई जनाउने छ ।

(ल) "**शिक्षा नियमावली**" भन्नाले शिक्षा नियमावली २०५९ सम्झनुपर्छ ।

(व) "**मन्त्रालय**" भन्नाले शिक्षा मन्त्रालय जनाउने छ ।

(श) "**विभाग**" भन्नाले शिक्षा विभागलाई जनाउने छ ।

## परिच्छेद ३

## उद्देश्यहरु

३ यो कार्यविधि विद्यालयलाई दिने अनुदानालाई व्यवस्थित गर्न विद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने क्रममा विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न मार्गदर्शन हुने छ । यो कार्यविधि जारी गर्नुका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

३.१ उपलब्ध स्रोत र साधनको समुचित परिचालनमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई जिम्मेवार बनाई गुणस्तरीय शैक्षिक वातावरण तयार गर्न सघाउ पुर्याउनु

३.२ विद्यालयको शिक्षण सिकाइ एवम् भौतिक वातावरणलाई बाल मैत्रि बनाई शैक्षिक गुणस्तर बढाउन सघाउनु

३.३ विद्यालयमा विद्यार्थी सङ्ख्या र विषयगत आधारम शिक्षक व्यवस्थापन गर्न सघाउ पुर्यावउनु र

३.४ विद्यालयम हुने आर्थिक गतिविधिलाई पारदर्शी बनाई वितीय सुशासन कायम गर्नु ।

# परिच्छेद ४

## विद्यालय अनुदान

### ४ विद्यालय अनुदान देहाय बमोजिम हुनेछन् :

४.१ सर्सत अनुदान स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरु राहत अनुदानमा कार्यरत सबै शिक्षकहरु प्रारम्भिक बालविकास शिक्षकहरु विद्यालमा कार्यरत कर्मचारीहरुको तलब भत्ता ससर्त अनुदानका रुपमा उपलब्ध हुनेछ । यसका साथै निःशुल्क पाठ्यपुस्तक विभिन्न प्रकारका छात्रवृत्ति विद्यालय व्यव्सथापन अनुदान विद्यालय सुधार योजना सामजिक परिक्षण बुक कर्नर तथा समयसमयमा विद्यालय भौतिक सुधार सम्बन्धी कार्यक्रमका लागि सर्सत अनुदान उपलब्ध हुनेछ । विद्यालयले प्राप्त गर्ने सर्सत अनुदान सम्बन्धी विवरण तथा आधारहरु शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार हुने छ ।

४.२ शैक्षिक गुणस्तर सुधार तथा एकमुष्ठ अनुदान सामुदायीक विद्यालयको सर्वपक्षीय सघाउ पुर्याउन तथा विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी सङ्ख्याका आधारमा

विद्यालयलाई शिक्षक व्यवस्थापन र भौतिक सुधारका एकमुष्ठ अनुदान उपलब्ध हुने छ । विद्यालयले गाउँपालिकाबाट प्राप्त गर्ने अनुदान सम्बन्धीत आधारहरु अनुसूची १ अनुसार हुने छ ।

## परिच्छेद ५

## अनदान प्राप्त गर्न पूरा गर्नुपर्ने अनिवार्य सर्तहरु

**५ अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने अनिवार्य सर्तहरु देहायबमोजिम रहेका छन्** :

५.१ ससर्त तथा शैक्षिक गुणस्तर सुधार एकमुष्ठ अनुदान

अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयहरुले देहायका कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छ

क) विद्यालय सुधार योजना  प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भैतिक, आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समेटिएको अद्यावधिक विद्यालय सुधार योजना तयार गर्नुपर्ने छ र प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने छ ।

महाभारत गाउँपालिका

ख) लेखा परीक्षण तथा सामाजिक परीक्षण प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको वार्षिक आर्थिक कारोबारको नियमितरुपमा लेखापरीक्षण एवम विद्यालयको सम्पूर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी प्रतिवेदन गाउँपालिकमा पेस गर्नुपर्ने छ ।

ग) विद्यालयको वार्षिक कार्ययोजना विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेटसहितको वार्षिक कार्ययोजना तयार गर्नपर्ने छ ।

घ) तथ्याङ्क व्यवस्थापन प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको सुरु तथा अन्तमा तोकिए बमोजिमको शैक्षिक तथ्याङ्क Flash I and Flash II भरी स्रोतकेन्द्र मार्फत् गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

## परिच्छेद ६

## अनुदान निकासा र अनुदान खर्चको प्रक्रिया

६.१ अनुदान निकासा दिने गाउँपालिकाको शिक्षा शाखाले गरेको सिफारिसका आधारमा गाउँपालिकाले अनुदानको शीषर्क खोली सम्बन्धीत विद्यालयको खातामा निकासा गर्नुपर्ने छ । यसरी निकासा गरिएको अनुदानको जानकारी सम्बन्धीत विद्यालयले गाउँपालिकाको शिक्षा शाखामा दिनुपर्ने छ ।

६.२ अनुदान खर्च गर्ने

६.२.१ विद्यालयले प्राप्त गरेको ससर्त अनुदान तथा एकमुष्ठ शैक्षिक गुणस्तर सुधार अनुदानको रकम विद्यालयले सम्बन्धीत शीर्षकमा नै खर्च गर्नुपर्ने छ ।

६.२.२ विद्यालयले गाउँपालिकाबाट शैक्षिक गुणस्तर सुधार अन्तर्गत अनुदानको रकम विद्यालयले शिक्षण सिकाइ, शिक्षण सामग्री, शिक्षक व्यवट्स्थापन तथा विद्यालको विकासमा प्रयोग गर्नुपर्ने छ ।



महाभारत गाउँपालिका

६.२.३ विद्यालयमा प्राप्त अनुदानको खर्चको चौमासिक प्रतिवेदन गाउँपालिकामा अनिवार्य पेस गर्नुपर्ने छ ।

६.२.४ गाउँपालिकाबाट अनुदान प्राप्त गर्ने विद्यालयले शिक्षक व्यवस्थापन गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षक नियुक्ति गरी निजलाई मासिक रुपमा उपलब्ध गराउने शिक्षकको तलवी प्रतिवेदन पारित गरी गाउँपालिकाबाट प्राप्त अनुदानबाट नियुक्ति गरिएका शिक्षकको व्यक्तिगत फाइल गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

६.२.५ गाउँपालिकाबाट प्राप्त अनुदान विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सम्बन्धीत शीर्षकमा खर्च गरी सो खर्चको बिल भरपाई तलबी भरपाईको फछ्यौट विद्यालयले अनिवार्य गर्नुपर्ने छ ।

## परिच्छेद ७

## विभिन्न निकायहरुको भूमिका

### ७ <u>विद्यालय अनुदान व्यवस्थापन</u>

विद्यालयमा जाने आनुदानको प्रभावकारी एवं दक्षतापूर्ण उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहाय अनुसार हुनेछ :

### ७.१ **गाउँपालिका**



महाभारत गाउँपालिका

क) विद्यालयले पाउने अनुदान रकम निर्धारण तथा विद्यालयमा प्रवाह गर्ने प्रवन्ध मिलाउने ।

ख) विद्यालयले प्राप्त गर्ने अनुदान सम्बन्धमा स्थानीय तहको शिक्षा कार्यालयलाई आवश्यक समन्वय र मार्गदर्शन गर्ने ।

ग) विद्यालय अनुदान व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तहका विद्यालयहरुको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने ।

घ) यस कार्यविधिमा उल्लेखित अनुसूचीमा उल्लेख गरीएका विद्यालय अनुदान सम्बन्धी व्यवस्था प्रचलित नियमानुसार परिमार्जन गर्ने ।

७.२ स्थानीय तहको शिक्षा हेर्ने कार्यालय

क) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने विद्यालय तथा विद्यार्थीको विवरण अद्यावधिक गर्ने ।

ख) विद्यालयले प्राप्त गर्ने अनुदानको एकिन गर्ने ।

ग) विद्यालयमा जाने अनुदान समयमै निकासा गर्ने ।

घ) विद्यालयमा निकास भएको खर्च गर्ने आधारहरु विद्यालयमा उपलब्ध गराउने ।

ङ) निकासा भएको अनुदान तोकिएको कार्यमा तोकिएबमोजिम उपयोग भएको छ छैन सो को अनुगमन गरी नियमित रुममा गाउँपालिकामा प्रतिवेदन पेस गर्ने ।

७.३ विद्यालय निरीक्षक / श्रोत व्यक्ति

क) विद्यालयको शिक्षण सिकाइको सुपरिवेक्षणका अतिरिक्त आफ्नो क्षेत्र अन्तर्गतका विद्यालयमा निकासा हुने अनुदान रकम तोकिएको क्रियाकलापमा उपयोग भयो छ छैन सो को अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेस गर्ने ।

ख) विद्यालयले प्राप्त गरेको सर्सत अनुदान, शैक्षिक गुणस्तर अनुदान, कार्य सम्पादनमा आधारित अनुदान लगायतका अनुदानका लागि विद्यालयको तथ्याङ्कका आधारमा प्रमाणीकरण गरी सिफारिस सहित गाउँपालिकामा समक्ष पेस गर्ने ।

## परिच्छेद ८

## विविध

८.१ अनुसूची संशोधन गर्ने अधिकार : यस कार्यविधिमा रहेका अनुसूचीहरु गाउँपालिकाले स्वीकृत बजेट तथा कार्यक्रम आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाको बैठकबाट संशोधन गर्न सक्नेछ ।

महाभारत गाउँपालिका

# अनुसूची- १

महाभारत गाउँपालिकामा सञ्चालनमा रहेका विद्यालयहरुलाई शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गाउँपालिकाले दिने एकमुष्ठ अनुदानका आधारहरु देहाय बमोजिम हुनेछ (साथै उक्त आधारहरु विद्यार्थी सङ्ख्या  र विषयगत शिक्षक दरबन्दीमा आधारित हुनेछ) ।

१. एक दरबन्दी मात्र भएका विद्यालयको शैक्षिक सुधारको लागि दिइने एकमुष्ठ अनुदान,

२. दुई दरबन्दी भई ५ कक्षा सञ्चालन भएको र कम विद्यार्थी भएका विद्यालयहरुलाई एकमुष्ठ MGMl मा  दिईने अनुदान,

३. कक्षा ६ देखि ८ सम्म सञ्चालित शुन्य दरबन्दी भएका विद्यालयलाई दिइने एकमुष्ठ अनुदान,

४. मा.वि. तहमा शुन्य दरबन्दी भएका विद्यालयलाई दिइने एकमुष्ठ अनुदान,

५. एक वटा दरबन्दी भई कक्षा ९ देखि १० सम्म सञ्चालित विद्यालयका लागि एकमुष्ठ अनुदान,

६. मा.वि. तहमा दुई वा तीन वटा दरबन्दी भई कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयका लागि एकमुष्ठ अनुदान,

७. क्याम्पस पूर्वाधारका लागि एकमुष्ठ अनुदान,

महाभारत गाउँपालिका

८. कक्षा ९ देखि १२ सम्म ICT को माध्यमबाट कक्षा सञ्चालनका लागि विद्यालयमा दिइने अनुदान,

( पुनस्च : अनुसूची १ मा उल्लेख गरीएका विद्यालयलाई दिईने एकमुष्ठ अनुदानका शीर्षकहरु महाभारत गाउँपालिकाको बिनियोजन ऐन, २०७५ मा उल्लेख भए बमोजिमको निकासा रकम विद्यालयमा उपलब्ध गराइने छ । )

आज्ञाले

रेमोण्ड थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

महाभारत गाँउपालिका